अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

**क्यान्टीन संचालन र प्रवेश शुल्क ठेक्का बन्दोवस्त सम्बन्धी सार्वजनिक बढाबढ आह्वान गरिएको सूचना**

**प्रकाशित मिति :२०७८/०७/०५**

यस अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार तथा यस गाउँ कार्यपालिकाको मिति २०७८/०६/०५ गतेको बैठकको निर्णय अनुसार निम्न ठेक्काहरु आ.व. २०७८/७९ को लागि ठेक्का बन्दोबस्त गर्नको लागि दोश्रो पटक सूचना प्रकाशित गर्दा समेत कुनैपनि बोलपत्र नपरेकोले ठेक्का नं. १,२,३ र ५ को ठेक्का बन्दोवस्तका लागि अन्नपूर्ण गाउँपालिकाको सार्वजनिक खरिद नियमावली-२०७५को नियम १३८ को उपनियम ४ को खण्ड "झ" बमोजिम निम्न शर्तहरुको अधिनमा रहि तपशिल बमोजिमको मिति,स्थान र समयमा सार्वजनिक बढाबढ आब्हन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:
सार्वजनिक बढाबढ हुने मिति: २०७८/०७/११
सार्वजनिक बढाबढ हुने स्थान: अन्नपूर्ण गाउपालिकाको कार्यालय,पोखरेबागर,म्याग्दी
सार्वजनिक बढाबढ हुने समय: दिनको ठिक १:०० बजे

अन्नपूर्ण गाउँपालिका अन्तरगत पर्ने निम्नानुसारका ठेक्का रहेका छन ।

| सि. नं. | ठेक्का नं. | विवरण | ठेगाना | न्यूनतम अंक रु. | अक्षरुपी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १/०७८-७९ | पुनहिलमा क्यान्टीन संचालन र प्रबेश शुल्क संकलन | अन्नपूर्ण गा.पा. ६ पुनहिल | २०,००,०००।०० | बिस लाख रुपैयाा | मु. अ.कर बाहेक |
| २ | २/०७८-७९ | तातोपानी कुण्डमा क्यान्टीन संचालन र प्रबेश शुल्क संकलन | अन्नपूर्ण गा.पा. २ तातोपानी | २०,००,०००।०० | बिस लाख रुपैयाा | मु. अ.कर बाहेक |
| ३ | ३/०७८-७९ | रातोपानी कुण्डमा प्रबेश शुल्क संकलन | अन्नपूर्ण गा.पा.पोखरेबगर ६ रातोपानी | ५,००,०००।०० | पााच लाख | मु. अ.कर बाहेक |
| ४ | ५/०७८-७९ | सेकार्कु कुण्डमा प्रबेश शुल्क संकलन | अन्नपूर्ण गा.पा. १ दोबा | ५०,०००।०० | पचास हजार | मु. अ.कर बाहेक |

**शर्तहरु**

१) ठेक्का न : १,२,३ र ५ का लागि सार्वजनिक बढाबढमा भाग लिनको लागि निवेदनको साथमा नगद रु. १०००।- (फिर्ता नहुने गरी) बुझाई अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालय, पोखरेबगर, म्याग्दीवाट नगदी रसिद प्राप्त गर्न सकिने छ। प्रत्येक ठेक्काको सार्वजनिक बढाबढको लागि छुट्टाछुट्टै नगदी रसिद लिनु पर्नेछ। सार्वजनिक बढाबढ मा भाग लिन आउदा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको

प्रतिलिपि, र फर्म/कम्पनिको हकमा फर्म/कम्पनि दर्ताको प्रमाणपत्र, मुल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको अथवा स्थायी लेखा नम्बर (PAN) मा दर्ता भएका प्रमाणपत्र र आ.व.२०७६/७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत लिई आउनुपर्नेछ । साथै फर्म/कम्पनिको हकवाला स्वयम् उपस्थित हुन नसकी अख्तियारवाला व्यक्ति पठाउन परेको खण्डमा अख्तियारीनामा पत्र समेत अनिवार्य रुपमा साथमा लिइ आउनुपर्नेछ ।उल्लेखित कागजातहरु अनिवार्य कागजात मानिनेछन्।

२) सार्वजनिक वढावढमा सबैभन्दा वढी डाँक कवोल गर्ने व्यक्ति, फर्म, कम्पनीहरुले धरौटी वापत आफुले कवोल गरेको अंकको ३ (तीन) **प्रतिशत (प्रत्येक ठेक्का नम्बरको) छुट्टाछुट्टै** धरौटी वापतको रकम अन्नपूर्ण गाउँपालिको कार्यालयको नाममा प्रभु बैङ्कमा रहेको धरौटी खाता नं. १५४०११०४१२६०००४६ मा जम्मा गरेको सक्कल वैक भौचर वा कम्तीमा सबै ठेक्काहरुको ९० दिनको मान्यता प्राप्त बैंकको सक्कल जमानतपत्र सार्वजनिक बढाबढकै बखत पेश गर्नुपर्नेछ ।

३) सार्वजनिक बढाबढमार्फत ठेक्का स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

४) ठेक्का स्विकृत भएको जानकारी प्राप्त भएको पत्रको मितिले ५ (पाँच) दिन भित्र सम्झौता गर्न आउनुपर्नेछ । सो म्याद भित्र सम्झौता गर्न नआएमा ठेक्का प्रयोजनको लागि जम्मा गरेको धरौटी जफत गरी त्यस पछिको कवोल गर्ने दातालाई स्विकृत गर्ने तर्फ कारवाही गरिनेछ ।

५) ठेक्का सम्झौता गर्न आउदा आफुले कवोल गरेको अंकको १.५ प्रतिशतले हुन आउने अग्रिम आयकर, १३ प्रतिशत मुल्य अभिवृद्धि कर (भ्याट) रकम र कवोल गरेको ५० प्रतिशत रकम अन्नपूर्ण गाउँपालिकाको संचित कोष खाता नं १५४०११०४१२६०००१६ मा अग्रिम दाखिला गर्नुपर्नेछ । दोस्रो किस्ता २५ प्रतिशत पौष मसान्त भित्र र अन्तिम किस्ता २५ प्रतिशत जेष्ठ मसान्त भित्र वुझाईसक्नु पर्नेछ ।

६) आफुले कवोल गरेको रकम एकमुस्ट वुझाउने स्विकृत दातालाई १० प्रतिशत रकम प्रोत्साहन स्वरुप छुट दिइनेछ । एकमुस्ट रकम वुझाउन नसक्ने वोलपत्रदाताको हकमा दोस्रो र अन्तिम किस्ता वरावरको ठेक्का अवधिभर मान्य हुने वैक जमानत पत्र पेश गर्नुपर्नेछ ।

७) स्विकृत कबोलदाताले कर असुल गर्दा कार्यालयले तोकिदिएको दररेटमा मात्र उठाउन पाउनेछ । वोलपत्रदाता दाताले अन्नपूर्ण गाउँपालिकामा वुझाउन पर्ने रकम वाहेक अन्य कर दस्तुर स्वयंले वुझाउन पर्नेछ ।

८) ठेक्का स्वीकृत भएका ठेकेदारले अन्नपूर्ण गाउँपालिकाले तोकिदिएको कर उठाउँदा प्रयोग गर्ने रसिद आफनै तर्फबाट छपाई गरी सो रसिदहरु अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालयवाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । अन्नपूर्ण गाउँपालिका वडा नं. ६ पुनहिल र तातोपानी कुण्डहरुमा प्रबेश गर्ने शुल्क गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

९) यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु यस गाउँ कार्यपालिकाको निर्णय तथा नेपाल सरकारको प्रचलित ऐन नियम वमोजिम हुनेछ ।

१०) थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कार्यालयको सम्पर्क नं.९८५७६८३८१० मा सम्पर्क राख्न सकिनेछ ।

सुरण प्रसाद शर्मा पौडेल
**प्रमुख प्रशासकीय अधिकृत**
**अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालय**
**पोखरेबगर, म्याग्दी ।**